नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति : २०७८ माघ २४ गते

निगमको न्यारोवडी A320 विमान 9N-AKW गत २८ डिसेम्बर २०२१ मा काठमाडौं-दोहा RA-237 नियमित उडानमा सुरक्षित अवतरण पश्चात् पार्किङ्ग गर्ने क्रममा विमानको एउटा इन्जिनमा प्राविधिक समस्या देखिन गएको र उक्त समस्याको थप निरीक्षण दोहा स्थित कतार एयरवेजका इन्जिनियरिङ्ग टिमले गर्दा वायाँ तर्फको इन्जिनमा Internal Defect पहिचान भएको र इन्जिन फेर्नुपर्ने प्राथमिक राय प्राप्त भएको थियो । उक्त इन्जिनको उत्पादनकर्ता PW/IAE सँग निगम व्यवस्थापनले आवश्यक परामर्श लिँदा इन्जिनलाई Replace गरि Repair गर्न सुझाए बमोजिम विमानलाई यथासक्दो छिटो उडानयोग्य (Airworthy) अवस्थामा ल्याउन इन्जिन भाडामा लिनुपर्ने भएकोले प्राविधिक प्रतिवेदनहरुको आधारमा निगमको नियम अनुसार इन्जिन भाडामा लिनको लागि निगमले मिति ९ जनवरी २०२२ मा Global (RFP) Request for Proposal आह्वान गरी इच्छुक कम्पनीहरुबाट प्रस्ताव प्राप्त गरि उक्त प्रस्तावहरु मूल्याङ्कनको आधारमा M/s MTU Maintenance Lease Services B.V कम्पनी छनौट गरी इन्जिन भाडामा लिने कार्य अगाडि बढाईसकिएको छ ।

साथै सो जहाजको विग्रिएको इन्जिन सिरियल नम्बर V17584 लाई आवश्यक मर्मत सम्भार गर्नको लागि MRO (Maintenenance Repair Organization) छनौट गर्नको लागि मिति २४ जनवरी २०२२ मा निगमको नियम अनुसार सूचना Global (RFP) Request for Proposal आह्वान गरि सकिएको छ ।

नेपाल वायुसेवा निगम संस्थागत विभाग

अर्चना खड्का
प्रवक्ता
नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np